CONTRIBUTIONS TO NEPALESE STUDIES
CNAS, TRIBHUVAN UNIVERSITY

Vol. 17, No. 1
January 1990

## RESEARCH NOTE

# केही नेपाली वाद्य समूह (बाजा)

- रामशरण दर्नाल

नेपाली सङ्गीत वाद्यमा प्राचीनकालदेखि अनेकौं बाजा (वाद्य समूह) बज्दै आएका छन्। नेपाली सङ्गीतमा 'बाजा' भन्नाले केवल वाद्य यन्त्रलाई मात्र जनाउँदैन अपितु विविध किसिमका वाद्य समूहहरूलाई पनि जनाउँदछ। उदाहरणका लागि 'धिमे बाजा' लाई लिउँ। धिमे बाजा भन्नाले तालबाजा धिमेलाई मात्र नजनाई त्यससँग बज्ने अरू बाजालाई पनि जनाएको हुन्छ। तर, त्यस समूहको मुख्य बाजा चाहिं धिमे नै हुन्छ। यसको नामैबाट उक्त बाजालाई प्रमुखता दिएको थाहा हुन्छ।

यस किसिमको वाद्य समूहलाई अँग्रेजीमा 'ब्याण्ड' (Band) भनिएको छ। यस्ता ब्याण्डहरू विभिन्न थरिका हुने गर्छन्। नेपालीमा त्यस्ता वाद्य समूह वा टोलीहरूलाई बाजा भन्ने गरिएको हो। नेपाली सङ्गीतमा अनेकौं प्रकारका बाजा (वाद्य समूह) हरू रहेका छन्। त्यस्ता बाजालाई काठमाडौं उपत्यकामा खलः (परिवार) पनि भन्ने गरिन्छ। धिमे वादक टोलीलाई 'धिमे खलः' भनिएको छ। यस बाहेक दापः बजाउने समूहलाई 'दाप खलः' र बाँसुरी तथा बयः वादक समूहलाई 'बाँसुरी खलः' भनिन्छ। काठमाडौं उपत्यकामा त्यस्ता खलःहरू प्रशस्त रहेका छन्।

नेपाली सङ्गीत र सांस्कृतिक दृष्टिले नेपाली बाजा (वाद्य समूह) हरूलाई चार खण्डमा छुट्याई विश्लेषण गर्न सकिन्छ- १. हिमाल खण्ड, २. पहाड खण्ड, ३. उपत्यका खण्ड र ४. तराइ खण्ड। हिमालखण्डदेखि लिएर तराई खण्डसम्म नेपाली सङ्गीतवाद्यमा धेरै थरिका बाजा (वाद्य समूह) नेपाली सङ्गीतमा बज्दै आएका छन्। (दर्नाल २०३८: २०४)

**हिमाल खण्डका बाजा**

हिमाल खण्डमा बज्दै आएका बाजामा लावाबाजा, द्याङ्ग्रो बाजा, डम्फु बाजा र टुङ्मा बाजालाई लिन सकिन्छ।

| | |
|---|---|
| लावा बाजा | - २ देखि ४ सम्म (सानो र ठूलो) |
| काङ्लिङ | - १ देखि २ सम्म |
| सङ्ख | - २ देखि ४ सम्म |

| | |
|---|---|
| डिलवु | - १ देखि २ सम्म |
| च्योत | - २ देखि ४ सम्म |
| ग्यालिङ् | - २ देखि ४ सम्म |
| झाह | - २ देखि ४ सम्म |
| घ्याबुक | - १ देखि ४ जोरसम्म |

**द्याङ्ग्रो बाजा**

| | |
|---|---|
| द्याङ्ग्रो | - २ देखि ८ सम्म (सानो र ठूलो) |
| घण्टी | - २ देखि ८ सम्म |
| घंगला | - २ देखि ८ सम्म |

**डम्फु बाजा**

| | |
|---|---|
| डम्फु | - ४ देखि १२ सम्म |

**टुङ्मा बाजा**

| | |
|---|---|
| टुङ्मा | - ४ देखि ८ सम्म |

हिमाली खण्डका उपर्युक्त बाजा (वाद्य समूह) हरू लोक गीतदेखि लिएर जीवनका अनेकौं संस्कारहरूमा बज्दै आएका छन्। मेलापात, चाड-पर्व र जात्रा-यात्रादेखि लिएर, कर्मकाण्ड र धार्मिक समारोहहरूमा समेत ती बाजाहरू निरन्तर बज्दैआएका छन्। जन्मदेखि मृत्युपर्यन्त जन-जीवनमा ती बाजाहरूले आफ्नो स्थान ओगटि सकेका छन्। केवल खुशियाली र उत्सवमा मात्र हैन, दुःख र पीडा अनि विरह-व्यथामा समेत ती बाजाले साथ दिंदै आएका छन्। द्याङ्ग्रोको मधुर बोलीमा रोगीले केही न केही त्राण पाउँदोहोला र उसको गर्जनमा भूत-प्रेत टाढा-टाढा भागेको अनुभूति बिरामी परेको रोगीलाई हुँदो हो।

**पहाड खण्डका बाजा**

पहाड खण्डका विविध प्रकारका बाजालाई निम्नबमोजिम तरिकाले संयोजित गर्न सकिन्छ।

**पन्चे बाजा**

| | |
|---|---|
| सहने | - १ |
| ढोलकी | - १ |
| झ्याली | - १ जोर |
| दमाहा | - १ |
| ट्याम्को | - १ |

**नौमती बाजा**

| | |
|---|---|
| सहने | - २ |
| ढोलकी | - १ |

| | |
|---|---|
| झ्याली | - १ जोर |
| दमाहा | - २ |
| ट्याम्को | - १ |
| नरसिंगा | - १ |
| कर्णाल | - १ |

**छत्तीस बाजा**

सम्भवतः विभिन्न किसिमका ३६ थरि बाजा (वाद्य समूह) लाई ३६ बाजा भनिएको हुन सक्छ। (थापा २०२९: )

**छत्तीस नगरा**

साना ठूला गरि विभिन्न आकार-प्रकारका ३६ वटा नगरा एक साथ बादन हुने भएकोले ३६ नगरा नामाकरण भएको हुनुपर्छ। (नेपाल २०४१: २६८)

**हुड्को बाजा**

| | |
|---|---|
| हुड्को | - २ देखि १० सम्म |

**मसक बाजा**

| | |
|---|---|
| मसक | - २ देखि ४ सम्म |
| मादल | - १ देखि २ सम्म |
| मुजुरा | - १ जोरदेखि २ जोरसम्म |

**आरबाजो**

| | |
|---|---|
| आरबाजो | - २ देखि ६ सम्म |
| मादल | - १ देखि २ सम्म |

**सारङ्गी बाजा**

| | |
|---|---|
| सारङ्गी | - २ देखि १० सम्म |
| मादल | - २ देखि ४ सम्म |
| मुजुरा | - १ जोरदेखि २ जोरसम्म |

**मादल**

| | |
|---|---|
| मादल | - ४ देखि १६ सम्म |
| मुजुरा | - ४ देखि ६ सम्म |

**खैंजडी**

| | |
|---|---|
| खैंजडी | - ४ देखि १२ सम्म |
| मुजुरा | - २ जोरदेखि ४ जोरसम्म |

**च्याब्रुङ्**

| | |
|---|---|
| च्याब्रुङ् | - ४ देखि १० सम्म |
| भ्याम्टा | - २ जोरदेखि ४ जोरसम्म |

पन्चे बाजा र नौमती बाजा पहाडतिर दमाईले बजाउने गरेकाले ती बाजालाई 'दमै बाजा' पनि भन्ने गरिएको छ। पन्चे बाजा र नौमती बाजा नेपालको सबै भागमा सगुनी बाजाको रूपमा कुनै पनि मंगल कार्यमा बज्ने गरेको पाइन्छ। हरेक खुशियाली र उत्सव अनि पूजा-आजामा ती बाजाहरू बज्ने गरेका छन्।

छत्तीस नगरा र छत्तीस बाजा सुदूर र मध्यपश्चिमाञ्चल तथा पश्चिमाञ्चल नेपालको गण्डकी प्रदेशतिर चलेका वाद्य समूह हुन्। सुदूरपश्चिमाञ्चल र मध्यपश्चिमाञ्चलमा छत्तीस नगरा अफै पनि विशेष पर्व र समारोहमा बज्दै छन्। तर छत्तीस बाजा (छत्तीस प्रकारका वाद्य समूह) गण्डकी प्रदेशमा मात्र हैन अन्यत्र पनि कतै बजेको सुन्न पाइएको छैन। छत्तीसबाजा नेपाली सङ्गीतको सबभन्दा विशाल वाद्य समूह हुनसक्थ्यो। आजकल यसको नाम घाटुगीत र नाचको प्रसंगमा मात्र लिइएको थाहा पाइन्छ। छत्तीस बाजा एक प्रकारले नेपाली सङ्गीतबाट लोप भईसकेको रहेछ। त्यसको एक चौथाइ वाद्य समूह भएको 'नव बाजा' वा नौबाजा काठमाडौं उपत्यकाको ललितपुर र भक्तपुरमा गाइजात्रा (सापारू)को अवसरमा सुन्न पाइन्छ। त्यसवेला घाटुमा छत्तीस बाजाको उल्लेख हुनु स्वयंमा एउटा जिज्ञासाको विषय बन्न पुग्छ। आजको नेपाली सङ्गीतमा शास्त्रीय, लोक, परम्परागत र आधुनिक बाजाहरू मिलाएर ३६ किसिमका वाद्य समूह (बाजा) जुटाउन त सकिएला परन्तु लोक बाजाहरूमा मात्र त्यति संख्यामा बाजा निर्माण गर्नु अलि गाह्रै पर्न जाने हुन्छ।

हुड्को बाजा र मसक बाजा सुदूरपश्चिमाञ्चल र मध्य पश्चिमाञ्चलमा ज्यादै लोकप्रिय बाजा हुन्। त्यहाँ हुड्केले लोकगाथादेखि लिएर वीर गाथाहरू सुमधुर आवाजमा हुड्कोले ताल दिंदै गाएको सुन्न सकिन्छ। वादिहरूले मसकमा सुमधुर गीत गाइ मादलको तालमा नाचेर लोकलाई मनोरञ्जन प्रदान गरिरहेछन्।

आरबाजो र सारङ्गी गाइनेका पुर्ख्यौली तारबाजा हुन्। सारङ्गी भन्दा पुरानो आरबाजो हो। गाइनेले आरबाजो बजाउन छाडी सके जस्तो अनुभव हुनथालेको छ। कतै-कतै मात्र आरबाजो बजाएको सुन्न सकिन्छ। गाइनेका कर्खा र लोक गीतमा ती दुवै बाजा लोकप्रिय भएका छन्। सारङ्गी त नेपाली सङ्गीतको पर्याय नै बन्न पुगेको छ। (दर्नाल २०४१ः १८)

मादल र खैंजडी नेपाली सङ्गीतको लोकप्रिय ताल बाजा हुन्। मादल मुख्य ताल बाजाकै रूपमा प्रसिद्ध भइसकेको छ। खैंजडी पनि ताल बाजाको रूपमा लोकप्रिय छ। मादलको अभावमा खैंजडी नै बज्ने गर्छ।

पूर्वान्चल नेपालको लोकप्रिय तालबाजा च्याब्रुङ् हो। किरात सङ्गीतमा यो ज्यादै लोकप्रिय र प्रसिद्ध रहेको छ। च्याब्रुङ गीत र नाचसँगै नाच्दछ। चण्डीनाच, धान नाच र अरू लोकगीत र

लोकनाचमा तालबाजाको रूपमा च्याब्रुङ्नै प्रयोग हुने गर्दछ। यसको साथमा झ्याम्टाले संगत गरेको हुन्छ। (ने.रा.प्र.प्र. २०३४: ७)

उपत्यका खण्डका बाजाहरूलाई यस प्रकार संयोजित गर्न सकिन्छ।

**पञ्चताल वा देवबाजा**

| | |
|---|---|
| खिं | - १ |
| क्वताः | - १ |
| ताः | - १ जोर |
| पोंगा | - १ |
| पैंता | - १ |

**पञ्चबाजा वा जोगीबाजा**

| | |
|---|---|
| मुहाली | - २ |
| बभुचा | - १ जोर |
| ढोलक | - १ |
| नगरा | - १ |

**गुंला बाजा**

| | |
|---|---|
| धा | - ४ देखि १२ सम्म |
| मुहाली | - २ देखि ४ सम्म |
| बभुचा | - १ जोरदेखि २ जोरसम्म |

**नायखिं बाजा**

| | |
|---|---|
| नायखिं | - २ देखि ४ सम्म (बढी पनि हुन सक्ने) |
| छुस्या | - १ जोरदेखि २ जोरसम्म |

**धिमे बाजा**

| | |
|---|---|
| धिमे | - ४ देखि १२ सम्म (बढी पनि हुन सक्ने) |
| भुस्या | - १ जोरदेखि ४ जोरसम्म |
| कैंपुचा | - १ देखि २ सम्म |
| तिनिमुनि | - १ देखि २ सम्म |

**नेकुबाजा**

| | |
|---|---|
| नेकुबाजा | - ४ देखि १२ सम्म |
| दमखिं | - २ देखि ६ सम्म |
| टिग्लिचा | - ४ देखि १६ सम्म |

**सि बाजा**

| | |
|---|---|
| काहाः | - २ देखि ४ सम्म |
| नायखिं | - २ देखि ४ सम्म |
| छुस्या | - १ जोरदेखि २ जोरसम्म |

**नव बाजा**

ललितपुर र भक्तपुरमा प्रचलित नौ प्रकारका विविध बाजा (वाद्य समूह)

**बाँसुरी खलः**

| | |
|---|---|
| बाँसुरी | - ६ देखि १६ सम्म |
| बयः | - ४ देखि १२ सम्म |
| खिं | - २ देखि ४ सम्म |
| कोचाखिं | - २ देखि ६ सम्म |
| बभुचा | - १ देखि २ सम्म |
| तिन्छु | - २ देखि ४ सम्म |

**दाप खलः**

| | |
|---|---|
| दाप खिं | - ४ देखि १२ सम्म |
| ताः | - २ देखि ४ सम्म |
| तिन्छु | - २ देखि ४ सम्म |

**गुरुज्यूको पल्टनको बाजा**

| | |
|---|---|
| बाँसुरी | - ६ देखि १२ सम्म |
| इन्द्रढोल | - १ |
| ताशा | - १ |
| झ्याली | - १ जोर |

काठमाडौं उपत्यकामा प्राचीनकालदेखि वर्तमानसम्म पनि अनेकौं प्रकारका परम्परागत बाजा र लोक बाजाहरू विभिन्न धार्मिक पर्व र चाड-बाडमा बज्दै आएका छन्। ती वाद्य समूहहरू आज पनि लोकप्रिय रही आएका छन्। धार्मिक भावना र गुठी परम्पराले गर्दा ती अझसम्म पनि संरक्षित देखिन्छन्। धार्मिक पर्व र मेलामा पंचताल (देवबाजा) बाजा, धाः बाजा (गुंलाबाजा), नेकु बाजा, नवबाजा, दापः, बाँसुरी, नायखिं बाजा, धिमे बाजा र गुरुज्यूको पल्टनको बाजा बजेका सुनिन्छन्। ती वाद्यहरू लोक सङ्गीत र लोकपर्वहरूमा पनि बज्दै आएका छन्। धरतीमा स्वर्गका देवतालाई आव्हानका साथै मृत्युपछिको शव यात्रामा पनि यहाँ वाद्य ध्वनि नै ध्वनित हुने गर्दछ। शव-यात्रामा बज्ने बाजालाई सिबाजा वा उल्टाबाजा भनिन्छ।

यहाँको सबै चाडबाड, जात्रा-मात्रा र मेला-पर्वमा ती बाजा बज्दै अगाडि बढ्दै गरेका विभिन्न थरिका बाजाहरू (वाद्य समूह) देख्न सकिन्छ, सुन्न सकिन्छ र आफ्नो मौलिक संगीतको

अनुभव गर्न सकिन्छ। चाड-पर्व र जात्रा-मात्रामा सबभन्दा पहिले बाँसुरीहरूको ब्याण्ड गुरूज्यूको पल्टनको बाजा अघि लाग्छ। यो वाद्य समूह (बाजा) अघि लागेपछिमात्र जात्रा वा मेला प्रारम्भ भएको मानिन्छ। स्वयम्भूको गुंला मेला र दशैंको नवरात्रि मेला तथा अन्य राष्ट्रिय पर्वहरूमा यस्ता परंपरागत वाद्य समूहहरू आ-आफ्ना टोलीकासाथ बाजाहरू बजाउँदै बडो रौसिया तालले अघि बढेको देख्न सकिन्छ। लोकलाई मनोरञ्जन दिलाउनमा ती बाजाहरूको ठूलो भूमिका रहेको हुन्छ। दर्शकहरू बाजाका तालमा त्यसै त्यसै रमाएर नाच्न थाल्दछन्।

यसरी काठमाडौं उपत्यकाले प्राचीनकालदेखि आफ्ना विविध वाद्य समूहहरूद्वारा सबैलाई मनोरन्जन प्रदान गर्दै आएको छ। 'टुनुटुनूको छ्यांइ पापा' को बोलसँगै ताइनाइको मधुर तालसँगै लहराएको ध्वजले दर्शकलाई रमाइलो वातावरण तयार परिरहेका हुन्छन्। चचह ... को आव्हानसँगै 'टुनछ्यां' को एकोहोरो र टिठ्लाग्दो धूनले देवतालाई धरतीमा अवतरणको आव्हान र यस लोकमा मात्र हैन, परलोकमा समेत सङ्गीतमय जीवनको कामना गर्ने नेपाली सङ्गीतजगत् धन्य छ। नेपाली सङ्गीत कलाको निरन्तरता धन्य छ। अनि धन्य छ त्यो नादव्रम्ह जसले विश्व व्रम्हाण्डलाई नै सङ्गीतले आनन्दित तुल्याइरहेको छ। (दर्नाल २०४५: ३६)

नेपालको तराइ खण्डमा प्रचलित केही बाजा यस प्रकार छन्-

**ढोल**

| | | |
|---|---|---|
| | ढोल | - २ देखि ८ सम्म |
| | झ्याँझ | - २ जोरदेखि ४ जोरसम्म |

**ढोलक**

| | | |
|---|---|---|
| | ढोलक . | - १ देखि २ सम्म |
| | मजीरा (मन्जरी) | - १ जोरदेखि २ जोरसम्म |
| | पिपरी | - २ देखि ४ सम्म |

**बीन बाजा**

| | | |
|---|---|---|
| | बीन | - १ देखि ४ सम्म |
| (पुंगी) | ढोलक | - १ |

**ताशा:**

| | | |
|---|---|---|
| | ताशा: | - २ देखि ६ सम्म |
| | ढोल | - २ देखि ४ सम्म |

**डफ**

| | | |
|---|---|---|
| | डफ | - २ देखि ८ सम्म |
| | ढोलक | - २ देखि ४ सम्म |
| | मजीरा | - २ जोरदेखि ४ जोरसम्म |

**मदारी बाजा**

| | | |
|---|---|---|
| डमरु | - १ | तीन मध्ये कुनै एक मात्र पनि हुने |
| ढोलक | - १ | |
| ढोल | - १ | |

**डोम वा चमार बाजा**

| | |
|---|---|
| सिंगा | - २ देखि ४ सम्म |
| डिम्की | - २ देखि ४ सम्म |
| नगरा | - १ जोर |
| ढोलक | - १ |
| भिल्लिम | - १ |
| झर्की | - १ |

**शहनाई बाजा**

| | |
|---|---|
| शहनाई | - २ देखि ४ सम्म |
| नगरा | - १ जोर। |

तराई खण्डका उपर्युक्त वाद्य समूह (बाजा) बाहेक अरू किसिमका बाजा पनि प्रचलित हुन सक्छन्। यहाँ त्यस क्षेत्रमा लोकप्रिय केही बाजाहरूका नाम मात्र लिइएका छन्। ती बाजाहरू तराइका विभिन्न भेकमा ज्यादै लोकप्रिय रहेका छन्। ढोल, ढोलक, डफ, ताशा, बीन आदि प्रसिद्ध बाजा हुन्। यसरी नै मजीरा (मन्जीरा), पिपरी, एकतारा रावणहत्था, झ्याँझ, सिंगा, डिम्की पनि त्यहाँ निक्कै प्रचलित बाजा हुन्। ढोलक, ढोल र डफ त्यहाँको लोक सङ्गीतको ढुकढुकी भने पनि हुन्छ। कारण तिनका ताल बिना त्यहाँको वातावरण नै खल्लो हुन्छ।

चटकी मदारीहरूले चटक गर्दा डमरु, ढोल वा ढोलक बजाएर रमिता गर्छन् भने सपेराले बीन (पुंगी) बजाएर सर्पहरूलाई नचाउँछन्। तराइमा पेशागत बाजा बनाउनेहरू प्रायः डोम वा चमार हुने गर्छन्। हुन त ब्याण्डबाजा बजाउनेहरू धेरै जसो दमाईहरू पनि नभएका हैनन्, तर उपर्युक्त लोक बाजाहरूमा चाहिं उनीहरूकै अधिकार रहेको थाहा हुन्छ। नेपाली मुसलमानहरू मोहर्रममा ठूलो उत्सव मनाउँछन् यसवेला उनीहरू संगीतको आनन्दको लागि ताशाः नामक प्राचीन तालबाजा बजाउने गर्छन्। मुगलकालदेखि प्रचलित यो तालबाजा नेपाली संगीतमा अझै पनि बज्दै आएको छ। घाँटीमा झुण्डाएर दुई स-साना गजाले बजाइने ताशाः कुसलवादकहरूले विभिन्न किसिमका बोलहरू झिकि श्रोताहरूलाई मुग्ध पार्दछन्। नेपालगञ्जमा मोहर्रम ज्यादै रमाइलोसँग मनाइन्छ। (दर्नाल ०४३: १)

मङ्गलवाद्यको रूपमा यहाँ शहनाई प्रसिद्ध रहेको छ। विवाह र पूजा-आजाको शुभ-साइतमा शहनाईकै मधुर धून फैलिएको हुन्छ। तर आजकल तराइतिर पनि ब्याण्ड बाजाकै बढी बोलवाला देखिनथालेको अनुभव गरिंदैछ। शहनाईको सुमधुर धून कम हुन थालेको छ।

प्रस्तुत लेखमा प्रत्येक बाजा वा वाद्ययन्त्रको विवरण नदिइ केवल ती बाजा, वाद्य समूहहरूको जानकारी मात्र संक्षेपमा प्रस्तुत गर्ने जमर्को गरिएको छ। आफूलाई थाहा भए जति बाजा (वाद्य समूह) वा ब्याण्डको परिचयदिने प्रयास हुँदा-हुँदै पनि लेखमा उल्लेख भएका बाजाहरू बाहेक अरू पनि वाद्य समूह नेपाली संगीत वाद्यमा चलेका हुन सक्छन्। त्यस्ता वाद्य समूहलाई पत्ता लगाइ खोज र अनुसन्धान गर्नु पर्ने भएकोले यहाँ केही बाजाहरूलाई मात्र चिनाउने जमर्को भएको छ।

नेपाली संगीत वाद्यका एक-एक बाजा (वाद्य समूह)को आ-आफ्नै सांगीतिक-सांस्कृतिक मूल्य र मान्यता रहि आएको छ। यिनीहरूको आफ्नै ऐतिहासिक पृष्ठभूमि समेत रहेको छ। यस्तो गहन सांगीतिक विषयमा गहिरिएर चिन्त-मनन र अध्ययन अनुसन्धान नगरी त्यसै व्याख्या गर्न सकिँदैन। मोटामोटी रूपमा यहाँ केवल नेपाली संगीत वाद्यमा प्रचलित केही बाजा (वाद्य समूह)हरूको परिचयसम्म दिन खोजिएको हो। प्रस्तुत परिचयले पनि नेपाली संगीतकला प्रति अभिरूचिराख्ने संगीत प्रेमीहरूको जिज्ञासालाई केही मात्रामा भए पनि सहयोग पुऱ्याउने नै छ भन्ने आशा राख्न सकिन्छ।

प्राचीनकालदेखि नै नेपाली संगीतवाद्यमा विभिन्न सम्प्रदाय र जातिले आ-आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार विविध प्रकारका वाद्य यन्त्रहरू बजाउँदै आएका छन्। यिनमा कतिपय बाजा जाति विशेषले बजाउने गरेका छन् भने कतिपय बाजाले जीविकोपार्जनमा समेत टेवा दिइ आएका छन्। २००७ सालको क्रान्तिपछि कुनै पनि बाजा जात वा सम्प्रदाय विशेषमा मात्र सीमित रहेनन्। तैपनि सांस्कृतिक मान्यता अनुरूप मंगलसूचक सगुनी जातलाई समाजले आज पनि सम्मानसाथ अघि लगाएको प्रत्यक्ष देख्न सकिन्छ। हुन त यहाँ शाक्यदेखि लिएर वादीसम्मका आ-आफ्ना बाजा नरहेका हैनन्। तर, खास पर्व र दिवसहरूमा तिनीहरूको आफ्नै महत्व र विशेषता रहेको अनुभव गर्नसकिन्छ। तैपनि ती मध्ये कतिपय जातिका लागि यो जीविकोपार्जनका लागि पेशा नै बन्न पुगेको तथ्यलाई पनि नकार्न सकिँदैन। धार्मिक, सामाजिक, परम्परागत र लोक वाद्यसमूहका रूपमा मात्र हैन, अपितु पेशाको रूपमा पनि नेपाली वाद्य र वाद्य समूह (बाजा) नेपाली संगीतमा बज्दै आएका छन्।

नेपाली संगीतवाद्यमा प्राचीनकालदेखि अहिलेसम्ममा कतिपय बाजा (वाद्यसमूह) लोप पनि भइसके होलान्। कतिपय बाजालाई हामीले बिर्सीसकेका पनि हौंला। ती मध्ये कतिले त आफ्नो रूप-रंग पनि फेरिसके होलान्। कतिले विकासको मार्ग पहिल्याउने जमर्को पनि गर्दै होलान्। तर, ती मध्ये धेरै जसो बाजाहरू आजपनि हाम्रो सङ्गीतमा बजिरहेका छन्। सांस्कृतिक झाँकीहरूमा र राष्ट्रिय पर्वहरूमा तिनको प्रत्यक्ष झलक देख्न सकिन्छ। नेपाली समाजले आफ्नो मौलिक सांगीतिक सम्पदातिर अभिरूचि राख्दै विकासको मार्गमा पनि पाइला बढाउन सकेमा नेपाली संगीतले देशलाई संगीतमय बनाउन सक्ने कुरामा कुनै सन्देह रहँदैन। नेपाली संगीतकला तर्फ संगीतप्रेमीहरूको ध्यान झन बढी आकृष्ट भइदिए यस कलामा झन ज्यादा उत्साह र प्रेरणा मिल्न गई महत्वपूर्ण कार्य संपन्न हुन सक्ने थिए।

यस्तो विविधताले भरिएका नेपाली बाजा (वाद्य समूह) हरूलाई परिष्कार र परिमार्जित पार्दै वैज्ञानिक तरिकाले विकास गर्दै माया-ममता साथ आफ्नो सांगीतिक विकासको बाटोमा डोऱ्याउनु


आज हामी सबैको एउटा परम कर्तव्य नै हुन आएको छ। युग सुहाउँदो नेपाली संगीत सिर्जना गर्नमा समेत होस्टेमा हैंसे गर्नु पर्ने वेला आएको छ। परम्परागत कला र लोक कलाकारहरूलाई प्रेरणा र प्रोत्साहन मात्र हैन सम्मान पनि गर्नु परेको छ। नेपाली वाद्य समूहका यस्ता बाजाहरूले योग्यतासाथ सफलता प्राप्त गर्न सकेमा त्यो नेपाली संगीत कै उन्नति र प्रगति हुनेछ। यसैले नेपाली आमालाई अझ बढी मधुरतम संगीतमय बनाउन हामी सबैले आ-आफ्नो योगदान जुटाउन कम्मर कस्नु पर्ने वेला आइसकेको अनुभव हुन्छ।

## सन्दर्भ ग्रन्थहरू


| | | | |
|---|---|---|---|
| १. थापा, धर्मराज | २०२९ | गण्डकीका सुसेली | काठमाडौं, नेपाल राजकीय प्र.प्र. |
| २. दर्नाल, रामशरण | २०३८ | संङ्गीत-परिक्रमा | काठमाडौं, साझा प्रकाशन |
| ३. दर्नाल, रामशरण | २०४१ | 'आरबाजो' नेपाली संस्कृति | काठमाडौं वर्ष १ अंक २ (वैशाख-श्रावण) सांस्कृतिक संस्थान |
| ४. दर्नाल, रामशरण | २०४३ | 'ताशाः शार्दूलजङ्ग ब्याण्डको मुख्य तालबाजा' नेपाली | काठमाडौं संवर्ष ३ अंक १ (पुस-चैत) सांस्कृतिक संस्थान |
| ५. दर्नाल, रामशरण | २०४५ | नेपाली संगीत-संस्कृति | काठमाडौं, नेपाल राजकीय प्र.प्र. |
| ६. दर्नाल, रामशरण | २०४५ | 'दिव्य सङ्गीतको प्रतीक नाद' | विश्वशान्ति धनकुटा, वर्ष ३, अंक १, पुस। |
| ७. नेपाल, पूर्ण प्रकाश | २०४१ | मेरी लोक साहित्य | काठमाडौं, नेपाल राजकीय प्र.प्र. |
| ८. ने.रा.प्र.प्र. | २०३४ | नेपाली बाजाहरू | काठमाडौं, नेपाल राजकीय प्र.प्र. |


चित्र सूची



१. लावा बाजा (डोङ्छें)
२. सहने
३. ढोलकी
४. झ्याली
५. नरसिंगा
६. कर्णल
७. हुड्को
८. आरबाजो
९. सारङ्गी
१०. मादल
११. च्याबुङ
१२. गुजराती मुहाली
१३. ललितपुरको नाखिं र हुस्या
१४. धिमे
१५. नेकुबाजा र मुाली, ललितपुर
१६. दमखिं वारन, ललितपुर
१७. भक्तपुरको खिं र बाँसुरी बाजा
१८. तिन्छु
१९. गुरुज्यूको पल्टनको ब्याण्ड
२०. ढोल
२१. डफ
२२. मुजुरा
२३. टुङ्ना
२४. ढ्याङ्ग्रो
२५. खोकनाको परम्परागत समूहवान्य (बाजा)




१. लावा बाजा (डोङ्छें)

२. सहने







३. ढोलकी




४. झ्याली




५. नरसिंगा




६. कर्णल




७. हुड्को




८. अरबाजो



९. सारङ्गी




१०. मादल




११. च्याबुङ



१२. गुजराती मुहाली



१३. ललितपुरको नाखिं र हुस्या



१४. धिमे



१५. नेकुबाजा र मुाली, ललितपुर



१६. दमखिं वारन, ललितपुर




१७. भक्तपुरको खिं र बाँसुरी बाजा




१८. तिन्छु




१९. गुरुज्यूको पल्टनको ब्याण्ड



२०. ढोल



२१. डफ



२२. मुजुरा



२३. टुङ्ना



२४. ढ्याङ्ग्रो



२५. खोकनाको परम्परागत समूहवान्य (बाजा)